२४. **करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी :** (१) विद्यालयमा रिक्त रहेको दरवन्दीमा शिक्षक नियुक्ति गर्न व्यवस्थापन समितिको निर्णय सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा शिक्षक नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउन अनुमति दिनसकिने छ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीबाट मात्र करारमा शिक्षक नियुक्त गर्नुपर्ने छ।

२५. **सामुदायिक विद्यालयमा करार शिक्षक, छनोट तथा सिफारिस समिति :** (१) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस गर्न विद्यालयमा एक शिक्षक छनौट तथा सिफारिस समितिरहने छ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी वा तोकिएको कर्मचारी - सदस्य

(ग) गाउँपालिकाले खटाएको एक जना अधिकृत स्तरको कर्मचारी - सदस्य

(घ) पालिकाले तोकेको विषय विशेषज्ञ - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) करार शिक्षक छनौटको परीक्षा सञ्चालन कार्यालयले तोकेको स्थानहुने छ।

(३) शिक्षक छनोट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिमहुने छ।

(४) सम्वन्धित स्रोतव्यक्तिलाई करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस समितिमा सदस्यको रुपमा बोलाउने छ।

२६. **सामुदायिक विद्यालयमा कर्मचारी र बालबिकास सहजकर्ता को करार नियुक्ति सम्बन्धमा :** (१) विद्यालयमा रिक्त रहेको दरवन्दीमा सामुदायिक विद्यालयमा कर्मचारी र बालविकास सहजकर्ता नियुक्ति गर्न व्यवस्थापन समितिको निर्णय सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा सामुदायिक विद्यालयमा कर्मचारी र बालबिकास सहजकर्ता नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउन अनुमति दिनसकिने छ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीवाट मात्र करारमा सामुदायिक विद्यालयमा कर्मचारी र बालबिकास सहजकर्ता नियुक्त गर्नुपर्ने छ।

२७ **सामुदायिक विद्यालयमा कर्मचारी र बालबिकास सहजकर्ता छनोट तथा सिफारिस समिति :** (१) सामुदायिक विद्यालयमा करार सामुदायिक विद्यालयमा कर्मचारी र बालबिकास सहजकर्ता नियुक्तिका लागि छनोट तथा सिफारिस गर्न गाउँ कार्यपालिकामा एक सामुदायिक विद्यालयमा कर्मचारी र बालविकास सहजकर्ता नियुक्तिका लागि छनौट तथा सिफारिस समितिरहने छ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

